# चमेना गृह संचालन सम्बन्धि दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८३/०६/१४**

यस बैंकको केन्द्रीय तालिम प्रतिष्ठान बोडे, भक्तपुरको परिसरमा रहेको चमेना गृह आगामी २ (दुई) बर्षको लागि चमेना गृह संचालन गर्न ईच्छुक ईजाजत प्राप्त फर्म तथा कम्पनीबाट देहायको शर्त सुविधाको अधिनमा रही आफूले उपलब्ध गराउन सक्ने दररेट सहित रीतपूर्वकको गोप्य शिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१ यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) औ दिन भित्र वा सो भन्दा अघिनै कार्यालय समय भित्र सामान्य सेवा विभागमा दरभाउपत्र दर्ता गराउनु पर्नेछ । दरभाउपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

२ दरभाउपत्र फारम वापत रू.३,०००।- अक्षरेपि तीन हजार रुपैया मात्र (पछि फिर्ता नहुने गरी) यस बैंकको कर्पोरेट बैंकिङ्ग कार्यालय रामशाहपथ स्थित यस बैंकको खाता नम्बर ०१००२००११४५५५०२५ मा जम्मा गरेको सक्कल बैक भौचर बुझाई दरभाउपत्र फारम सामान्य सेवा विभागबाट प्राप्त गर्न सकिनेछ ।

३ दर भाउपत्रसाथ फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, प्यान दर्ताको प्रमाणपत्र, आर्थिक बर्ष २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्र र संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (आफैले प्रमाणित गरि) पेश गर्नु पर्नेछ ।

४ चमेनागृह संचालनको लागि कम्तिमा पनि ३ (तीन) बर्ष कुनै पनि कार्यालय/संघ संस्थामा चमेनागृह संचालन गरेको अनुभवको प्रमाण पेश गर्नुपर्ने छ ।

५ दरभाउपत्र फारम वुझाउँदा धरौटी वापत चमेना गृहका लागि रू.१०,०००।- (अक्षरेपि दश हजार मात्र) माथि उल्लेखित खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

६ दरभाउपत्र फारम बुझाउने अन्तिम दिनको भोलिपल्ट दिनको १२:३० बजे दरभाउपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा कुनै बाधा पर्ने छैन ।

७ यस बैंकमा कार्यरत कर्मचारीहरु वा निजको एकाघर परिवार वा स्वार्थ बाझिने गरि कुनै पनि फर्म/कम्पनिले दरभाउपत्र पेश गर्ने प्रकियामा भाग लिन पाउने छैनन ।

८ चमेना गृह संचालनका लागि पेश भएका दरभाउपत्र हरु मध्ये स्वीकृत भएको फर्म/कम्पनीलाई सेवा सम्झौताको लागि लिखित जानकारी दिईनेछ ।

९ चमेना गृह संचालन गर्न छानिएको फर्म/कम्पनीले सात दिन भित्र सम्पर्क गर्न नआएमा निजको धरौटि वापतको रकम जफत गरी योग्यताक्रम अनुसार त्यस पछिको फर्म/कम्पनीलाइ चयन गरिनेछ ।

१० यस सुचना अनुसार पेश भएका दरभाउपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने/अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार कृषि बिकास बैंक लि. सामान्य सेवा विभागमा सुरक्षित रहने छ ।


**कृषि विकास बैंक लि.**
**सामान्य सेवा विभाग**
**मुख्य कार्यालय, रामशाहपथ**
**काठमाण्डौ ।**
**फोन नं.०१-५७२११३८**